तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
का.बै.सं.२३/०७५/०७६(५९) मितिः २०७६।०१।१० गते ।

प्रस्तावहरु :

१. तिलोत्तमा नगरपालिकाको लोगो र नगर गीत निर्माण सम्वन्धमा ।

२. नगर योजना आयोग गठन सम्बन्धमा ।

३. संघीय सरकारबाट समपूरक र विशेष अनुदान स्वरुप प्राप्त रकम विनियोजन सम्बन्धमा ।

४. दुर्गा वैदिक संस्कृत विद्यापीठ भवनको नक्सा पास अनुमति सम्वन्धमा ।

५. शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था योगिकुटीलाई कपडाको झोला वितरण गर्न रकम उपलब्ध गराउने सम्बन्धमा ।

६. लगानी सम्मेलन आयोजना गर्ने सम्वन्धमा ।

७. तिलोत्तमा जग्गा प्लटिङ्ग मापदण्ड २०७४ लाई संशोधन सम्वन्धमा ।

८. विषयगत समितिको प्रतिवेदन माथि छलफल सम्बन्धमा ।

९. तिलोत्तमा भवन निर्माण मापदण्ड २०७४ संशोधन सम्बन्धमा ।

१०. सोह्र र छत्तिस र भैलुभुजा सिचाइ प्रणालीसँगै समान्तर सडक ट्रयाक खोल्ने सम्बन्धमा ।

११. मेलमिलापकर्ताको सुचिकृत नामावली अनुमोदन सम्वन्धमा ।

१२. शिक्षा समितिको निर्णय छलफल र अनुमोदन सम्बन्धमा ।

१३. सडकको राईट अफ वे (वडा नं ७) निर्धारण सम्बन्धमा ।

१४. तराई मधेश समृद्धि कार्यक्रम (आ. व. २०७६।७७) का लागि आयोजना छनौट सम्बन्धमा ।

१५. आगामी नगर सभामा पेश गर्नु पर्ने विधेयकहरुको मस्यौदा तर्जुमा सम्बन्धमा ।

१६. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा ।

१७. नदीजन्य पदार्थको ठेक्का स्वीकृत सम्बन्धमा ।

१८. राहत उपलब्ध गराउने सम्बन्धमा । (बारा र पर्सा जिल्लामा) ।

०७६-०१-१०
बासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

<u>निर्णयहरु</u>

निर्णय नं - १

- तिलोत्तमा नगरपालिकाको नगर गीत निर्माणको आवश्यक प्रक्रिया पूरा गरी नगरपालिकामा पेश गर्नको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तिलोत्तमा नगर गीत तर्जुमा समिति

  - संयोजक - श्री एच.बी. रम्तेल
  - सदस्य - डा. श्री मुरारी पराजुली
  - सदस्य सचिव - श्री वी.पी. गौतम
- तिलोत्तमा नगरपालिकाका लागि कार्यपालिका सदस्य श्री एच.बी रम्तेलद्धारा तयार पारिएको नगर लोगोलाई थप परिमार्जन गरी १५ दिन भित्र पेश गर्न तिलोत्तमा नगर गीत तर्जुमा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।
- नगर गीत निर्माणका लागि आवश्यक प्रशासनिक तथा आर्थिक सहयोग सम्बन्धित शाखाले उपलब्ध गराउने ।

निर्णय नं.- २

- तिलोत्तमा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममको बुँदा नं १२४ अनुसार नगर योजना आयोग गठन सम्बन्धि कार्यविधि निर्माण गर्नको लागि देहाय बमोजिमको **नगर योजना आयोग गठन तथा कार्य संचालन कार्यविधि निर्माण समिति** गठन गरियो ।

  १. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
  २. शा.अ. श्री माधवप्रसाद पोखेल - सदस्य
  ३. शा.अ. श्री सागर गौतम - सदस्य सचिव

- उक्त समितिले आवश्यकता छलफल, वैठक, परामर्श गरी कार्यविधिको नमूना तयार पारी १५ दिन भित्र पेश गर्ने ।

निर्णय नं. - ३

- संघीय सरकारबाट यस नगरपालिकालाई समपुरक र विषेश अनुदान स्वरुप प्राप्त रकमलाई संघीय सरकारद्धारा जारी गरिएको समपूरक र विशेष अनुदान कार्यविधि २०७५ को अधिनमा रही देहाय बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

| समपूरक अनुदान तर्फ जम्मा रकम रु.४ करोड ६ लाख २४ हजार | | | |
|---|---|---|---|
| सि.नं | आयोजना | रकम | कैफियत |
| १ | मुख्य प्रशासनिक भवन | २ करोड | |
| २ | वडा कार्यालय निर्माण वडा नं.३ | २६ लाख | |
| ३ | शहरी स्वास्थ्य केन्द्र | ३० लाख २४ हजार | |
| ४ | अतिथि गृह तथा सभाहल | १ करोड ५० लाख | |

| विशेष अनुदान तर्फ जम्मा रकम रु.१ करोड ५ लाख ५ हजार | | | |
|---|---|---|---|
| सि.नं | आयोजना | रकम | कैफियत |
| १ | कृषि हाटवजार वडा नं १४ | ४० लाख | |

| | | | |
|---|---|---|---|
| २ | कृषि हाट बजार पूर्वाधार वडा नं ६ | ४० लाख । | |
| ३ | कोटीहवा हाट बजार पूर्वाधार | २० लाख | |
| ३ | सीमान्तकृत समुदाय सीमानगर वडा नं-३ पोषणा / स्वाध्य/ बालबालिका | ५ लाख ५ हजार | |

- तिलोत्तमा नगरपालिका वाड नं ६ को कुञ्जलापुरमा कृषि हाट स्थापना गर्ने र हाट बजार निर्माणका लागि आवश्यक प्राविधि तथा वित्तीय सहयोगको लागि प्रदेश सरकार, संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. - ४

- उपप्रमुख श्री जगेश्वरदेवी चौधरीको संयोजकत्वमा रहेको घर नक्सा पास सम्वन्धी प्राविधिक समितिद्धारा निर्णय भई घर जग्गा नक्सा शाखाबाट पेश गरिएको तिलोत्तमा नगरपालिका वडा नं १ नयाँमिल पूर्वमा अवस्थित श्री दुर्गा वैदिक संस्कृत विद्यापीठको भवन निर्माण अनुमति दिने सम्बन्धी प्रस्तावलाई स्वीकृत गरियो ।

निर्णय नं. - ५

- शंकरनगर खानापानी उपभोक्ता तथा सरसफाई संस्था तिलोत्तमा -२, योगिकुटीलाई नगरपालिकाद्धारा घोषणा गरिएको प्लाष्टिकका झोला रहित नगरपालिका घोषणा अभियानलाई सहयोग पुर्याउनको लागि ५० प्रतिशत लागत सहभागितामा कपडाको झोला वितरण गर्न कार्यालयले उपयुक्त शीर्षक पहिचान गरी रु. ५ लाख मात्र उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. - ६

तित्तोत्तमा नगरपालिकाद्धारा आयोजना गर्न लागिएको तिलोत्तमा लगानी सम्मेलनका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो

- मिति २०७६।०६।९ र १० गते "**दुई दिने तिलोत्तमा लगानी सम्मेलन**" आयोजना गर्ने ।
- लगानी सम्मेलनको आवश्यक तयारी का लागि देहाय बमोजिमका समिति गठन गर्ने ।

**क. लगानी सम्मेलन निर्देशक समिति**

- नगर प्रमुख श्री बासुदेव घिमिरे - संयोजक
- उप प्रमुख श्री जगेश्वरदेवि चौधरी - सदस्य
- नगर अध्यक्ष, नेपाल कम्यूनिष्ट पार्टी - सदस्य
- नगर सभापति, नेपाली काग्रेस - सदस्य
- नगर अध्यक्ष, राष्ट्रिय जनमुक्ति पार्टी - सदस्य
- अध्यक्ष उद्योग वाणिज्य संघ तिलोत्तमा - सदस्य
- अध्यक्ष, तिलोत्तमा व्यापार संघ - सदस्य
- अध्यक्ष तिलोत्तमा व्यापार संगठन - सदस्य
- अध्यक्ष, घरेलु तथा साना उद्योग महासंघ रुपन्देही - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

## ख. तिलोत्तमा लगानी सम्मेलनको सचिवालय

- प्रमुख प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद सापकोटा - संयोजक
- कार्यपालिका सदस्य श्री कृष्णप्रसाद पौडेल - सदस्य
- कार्यपालिका सदस्य श्री तामानाथ पाण्डे - सदस्य
- कार्यपालिका सदस्य श्री गणेश न्यौपाने - सदस्य
- कार्यापालिका सदस्य श्री नारायण न्यौपाने - सदस्य
- कार्यपालिका सदस्य श्री संगिता गुरुङ्ग - सदस्य
- कार्यपालिका सदस्य श्री सुरेन्द्र श्री विश्वकर्मा - सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख श्री चिन्ताबहादुर थापा - सदस्य
- प्रशासन शाखा प्रमुख शा.अ. श्री सागर गौतम - सदस्य
- योजना शाखा प्रमुख ई. श्री प्रदीप वन - सदस्य
- वैठक शाखा प्रमुख श्री सीता घिमिरे - सदस्य
- नक्सा शाखा प्रमुख श्री मनिष खनाल - सदस्य
- राजस्व अधिकृत श्री ईन्द्रदत्त सापकोटा - सदस्य
- वातावरण शाखा प्रमुख ई. श्री गिरिराज डुम्रे - सदस्य
- प्रशासन शाखा प्रमुख शा.अ. श्री माधवप्रसाद पोखेल - सदस्य सचिव

- तिलोत्तमा लगानी सम्मेलनको प्रमुख आयोजक तिलोत्तमा नगरपालिका र सह-आयोजकहरुमा तिलोत्तमा उद्योग वाणिज्य सघ, तिलोत्तमा व्यापार संघ, तिलोत्तमा राष्ट्रिय व्यापार संगठन, घरेलु तथा साना उद्योग र उद्योग महासंघ रुपन्देही रहने ।
- सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नको लागि सचिवालयले आवश्यक गृहकार्य गरी आगामी वैठकहरुमा सल्लाहाकार समिति, मिडिया पार्टनर लगायतका विषयहरु समेटी प्रस्ताव पेश गर्ने ।

निर्णय नं.- ७

- कार्यपालिका सदस्य श्री गणेश न्यौपानेद्धारा प्रस्तुत **जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिको** प्रतिवेदन माथि विस्तृत छलफल गरी थप छलफलका लागि पुनः सम्बन्धित समितिमा नै फिर्ता पठाउने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिकामा विषयगत समितिहरुको प्रतिवेदन माथि छलफल गरी आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नको लागि बजेट तर्जुमा समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. - ९

- तिलोत्तमा नगरपालिकाको भवन निर्माण मापदण्ड २०७४ जारी भए पश्चात हालसम्म संशोधन भएका बुँदा र हालसम्मको अभ्यासबाट प्राप्त भएका सिकाईहरुलाई समेत समेटी आवश्यक संशोधन प्रस्ताव तयार पार्न कार्यापालका सदस्य श्री दुर्गा पाण्डे संयोजक रहेको **"सडक तथा भवन निर्माण मापदण्ड**

समितिलाई जिम्मेवारी दिने र उक्त समितिले बढीमा ३० दिन भित्र संशोधन प्रस्ताव तयार पारी नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

- नगर कार्यपालिका सदस्य श्री दुर्गाप्रसाद पाण्डे संयोजक रहेको "सडक तथा भवन निर्माण मापदण्ड समिति" द्धारा निर्णय भई ई. श्री मनिष खनालद्धारा पेश गरिएको प्रस्तावलाई स्वीकृत गरियो।

निर्णय नं. - १०

- तिलोत्तमा नगरपालिका भित्र फैलिएको सोह छत्तिस मूल तपाहा र भैलुभुज सिँचाई नहरको दायाँ-बायाँ सिँचाई समानान्तर हुने गरी भित्रि सडकको ट्र्याक खोल्ने । साथै अन्य व्यवस्था देहाय बमोजिम मिलाउने ।

क. सिँचाई प्रणालीको दायाँ-बायाँ दुवै तर्फको खाली जमीन र नियमानुसार छोड्नु पर्ने सेटब्याक समेत मिलाई जे जस्तो अवस्थामा छ सोही अवस्थामा ट्र्याक खोल्ने ।

ख. ट्र्याक खोल्ने कामको अगुवाई सम्बन्धित वडा अध्यक्षले गर्ने र वडा समितिका सदस्यले सक्रियतापूर्वक सहयोग पुर्याउने ।

ग. ट्र्याक खोल्नको लागि आवश्यक जनशक्ति र अन्य आवश्यक स्रोत तथा साधनको व्यवस्था नगरपालिका कार्यालयले मिलाउने ।

घ. पक्कि संचरना बनिसकेका स्थानमा सम्बन्धित व्यक्तिलाई समय दिई जग्गा खाली गर्न लगाउने वा सम्बन्धित व्यक्तिले नै अन्य भरपर्दो विकल्प मिलाउने ।

ङ. सिँचाई प्रणालीको समानान्तर हुने स्थानमा सरकारी तथा सामुदायिक भौतिक संरचना निर्माण भई तत्काल ट्र्याक खोल्न सम्भव नभएमा उक्त भौतिक संचरनालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा छाडी बाँकी स्थानमा खुलाउँदै जाने । ट्र्याक खोल्न बाँकी रहेका स्थानमा अर्को वैठकको निर्णयानुसार गर्ने ।

च. सरोकारवाला वडाहरुको संयुक्त वैठक बसी साझा निर्णय लिने, साथै आवश्यकता अनुसार सम्बन्धित सिँचाई प्रणालीसँग समेत समन्वय वैठक गर्ने ।

छ. देहाय बमोजिमको निर्देशन तथा सहजिकरण समिति गठन गर्ने ।

- नगर प्रमुख - संयोजक
- उप प्रमुख - सहसंयोजक
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
- का.पा. सदस्य एच. बी. रम्तेल - सदस्य
- ई. श्री मनिष खनाल - सदस्य
- नक्सा शाखाका प्रतिनिधि ईश्वर भण्डारी - सदस्य

०७६-०९-१०

बासुदेव घिमिरे

निर्णय नं. ११

- २०७५/१२/०५ को कार्यपालिकाको बैठक र न्यायिक समितिको २०७५/१२/१० गतेको निर्णयको सूचना अनुसार यस कार्यालयमा सूचिकृत हुन आएका देहायका मेलमिलापकर्ताहरु प्रचलित कानूनको अधिनमा रही कार्यसम्पादन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो।

| क.स. | मेलमिलापकर्ताको नाम थर | ना.प्र.नं | ठेगाना |
|---|---|---|---|
| १ | श्री काशीराम ज्ञवाली | ४००३९/गुल्मी | ति.न.पा.-१ |
| २ | श्री ज्ञानु आत्रेय | ६८६/पाल्पा | ति.न.पा.-३ |
| ३ | श्री सावित्रा पन्थी आचार्य | ५४५९/गुल्मी | ति.न.पा.-२ |
| ४ | श्री उदयन्द पोखेल | २६१३/१५३०/बाग्लुङ | ति.न.पा.-४ |
| ५ | श्री नविना भण्डारी | १०४७२४/पाल्पा | ति.न.पा.-४ |
| ६ | श्री हरिराम केवट | ५७२५/रुपन्देही | ति.न.पा.-१४ |
| ७ | श्री विमला के.सी. चौधरी | २२७१३/पाल्पा | ति.न.पा.-१३ |
| ८ | श्री बाबुलाल बन्जाडे | ६७६७/रुपन्देही | ति.न.पा.-१५ |
| ९ | श्री मायादेवी न्यौपाने | ५७८४९/गुल्मी | ति.न.पा.-१५ |
| १० | श्री विष्णुप्रसाद भण्डारी | २१६/गुल्मी | ति.न.पा.-१६ |
| ११ | श्री कृष्णप्रसाद पन्थी | १९३१/रुपन्देही | ति.न.पा.-१४ |
| १२ | श्री यम बहादुर थापा | ७४६०५/रुपन्देही | ति.न.पा.-१४ |
| १३ | श्री दिनेश अर्याल | ५७६१९/स्याङ्जा | ति.न.पा.-१४ |
| १४ | श्री भविश्वर पाण्डे | २/८६७२/पाल्पा | ति.न.पा.-७ |
| १५ | श्री लक्ष्मीनारायण मरासिनी | ७२१/गुल्मी | ति.न.पा.-३ |
| १६ | श्री मेखराज पुन | १०७०३/रुपन्देही | ति.न.पा.-१४ |
| १७ | श्री तुलसीराम पन्थी | १४४२/गुल्मी | ति.न.पा.-९ |
| १८ | श्री विष्णुप्रसाद भट्टराई | ३७२०७२/स्याङ्जा | ति.न.पा.-११ |
| १९ | श्री इश्वरी गिरी | ६२०४४/रुपन्देही | ति.न.पा.-२ |
| २० | श्री कालिकाप्रसाद घिमिरे | ३५७२/रुपन्देही | ति.न.पा.-१६ |
| २१ | श्री दिपेश अधिकारी | ३७३०१५/१७५/रुपन्देही | ति.न.पा.-१७ |
| २२ | श्री संजिव बस्याल | ३७१०१५/३५५६७/रुपन्देही | ति.न.पा.-५ |
| २३ | श्री कृष्णप्रसाद भुसाल | ६८/२१७/रुपन्देही | ति.न.पा.-८ |
| २४ | श्री सन्तबहादुर लोहार वि.क. | ४२७७/रुपन्देही | ति.न.पा.-१३ |
| २५ | श्री तुल्सारानी थारु | ३७१०१६/४११००४ | ति.न.पा.-१३ |
| २६ | श्री खुमानन्द भण्डारी | २/६३४/रुपन्देही | ति.न.पा.-१२ |
| २७ | श्री पदमप्रसाद पुरी | ११७३४/रुपन्देही | ति.न.पा.-६ |
| २८ | श्री यज्ञमुर्ती जैसी | १५००/रुपन्देही | ति.न.पा.-६ |
| २९ | श्री फर्सुराम गिरी | २६६१/गुल्मी | ति.न.पा.-१ |
| ३० | श्री लक्ष्मणप्रसाद पाण्डेय | १२४८/रुपन्देही | ति.न.पा.-१ |
| ३१ | श्री सुनिता शर्मा | ६७५/रुपन्देही | ति.न.पा.-१३ |

| | | | |
|---|---|---|---|
| ३२ | श्री धनबहादुर गुरुङ्ग | २७७४०/पर्वत | ति.न.पा.-१४ |
| ३३ | श्री तोयनारायण पन्थ | ८/५२२/रुपन्देही | ति.न.पा.-७ |
| ३४ | श्री शान्ता खरेल | ६४७३/रुपन्देही | ति.न.पा.-१४ |
| ३५ | श्री वृन्दामति चौधरी | २८९५७/रुपन्देही | ति.न.पा.-१७ |
| ३६ | श्री सीता घिमिरे | ३९१९५/गुल्मी | ति.न.पा.-६ |

निर्णय १२

- मिति २०७६।०१।४ गते बसेको तिलोत्तमा नगर शिक्षा समितिको निर्णयको बारेमा छलफल गरी समितिको निर्णय नं २,४,६ ( दुई, चार र छ ) अनुमोदन गरियो।

निर्णय १३

- वडा नं. ०७ अन्तरगतको देहायका (नक्सामा उल्लेख भएका वा नभएका) सडकहरुको Right of way तपशील बमोजिम र ०७ वडा भित्रका अन्य बाँकी रहेका सबै सडकहरुको चौडाई कम्तिमा २० फूट कायम गर्ने निर्णय गरियो।

| सि.नं. | सडकको नाम | राइट अफ वे फिटमा |
|---|---|---|
| १ | भलबारी तिनाउ सडक | ४३ |
| २ | सखुवानी पूर्व सडक | ३६ |
| ३ | सेमरा सखुई सडक | ३६ |
| ४ | सेमरा मुडियारी सडक | ३६ |
| ५ | दर्शेनटोला भरवलीया | ४३ |
| ६ | सेमरा पक्डीहवा | ३६ |
| ७ | मुडियारी पूल /जहदा भलवारी चोक | ३६ |
| ८ | करहिया मुडीयारी सडक | ४३ |
| ९ | सखुई हरैया-करहिया चोक | ४३ |
| १० | नाथु यादवको घरदेखि उत्तर हुदै पूर्व बर्गदवा | ३६ |
| ११ | केवलानी वडा कार्यालयदेखि दर्शनटोलासम्म | ६० |
| १२ | केवलानी स्कुलदेखि जहदासम्म | ३६ |

निर्णय नं १४

- देहाय आयोजनाहरुको डिपीआर तयार सहित श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेश समृद्धि कार्यक्रमको केन्द्रीय काठमाण्डौ पठाउने निर्णय गरियो ।

क. सीता राईस मिल पश्चिम तपाहादेखि श्री जनज्योति माध्यामिक विद्यालयसम्मको सडक स्तरोउन्नति कार्यक्रम ।

**ख. "सीमानगर वस्ति विकास कार्यक्रम तिलोत्तमा" - ३ ।**

ग. तिलोत्तमा प्रसुति गृह निर्माण वडा नं -१७ (साविक वी.पी.) ।

घ. गुल्मेली मागदिखि जनता मा.वि सम्म नाली निर्माण (वडा नं ६ हुँदै वडा नं १३ जनता मा.वि. सम्म) ।

ङ) वडा कार्यालय भवन निर्माण (सभा हल समेत) तिलोत्तमा - १ ।

च) मधवलिया स्वास्थ चौकी स्तरोन्नती वाड नं- १६ ।

छ) सम्झना बाल उद्यान वाड नं ९, मंगलापुर ।

ज) मंगलापुर-कुञ्जलापुर सडक स्तरोउन्नती वाड नं. ६ ।

झ) समानता सामुदायिक भवन पूर्वाधार विकास विकास कार्यक्रम वडा नं - ७ ।

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

**निर्णय १५**

- तिलोत्तमा नगरपालिकाको आगामी नगर सभामा र कार्यापालिका आगामी वैठकहरुमा पेश गर्नको लागि देहायका ऐन, नीति, कार्यविधि, मापदण्ड निर्माण गर्नको लागि नगरपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।
    १. तिलोत्तमा नगरपालिकाका पदाधिकारी/कर्मचारीहरुको सेवा सुविधा तथा आन्तरिक वैठक भत्ता सम्बन्धी मापदण्ड २०७६ ।
    २. योजना अनुगमन, मुल्याङ्कन, प्रतिवेदन तथा योजना फरफारक सम्बन्धी कार्यविधि २०७६
    ३. तालिम संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६
    ४. तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६

**निर्णय १६**

तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ को दोस्रो संशोधन देहाय बमोजिम गरियो ।

| अनुसूची / दफा | साविकको व्यहोरा | संशोधन प्रस्ताव | कारण |
|---|---|---|---|
| अनुसूची ५ १. आर्थिक क्षमता | प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा २५ लाख रुपैयाको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्ने छ । | प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा ५ लाख रुपैयाको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्ने छ । | छिमेकी स्थानीय तहहरुको तुलनामा पूँजी अत्यन्तै बढी भएको । |

**निर्णय १७**

- तिलोत्तमा नगरपालिकाको तिनाउ नदीको बाग्धुरा नाकाको नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण सम्बन्धी ठेक्का नं. १८/२०७५/०७६ स्वीकृत गरियो ।

**निर्णय १८**

- मिति २०७५, चैत्र १७ गते आईतबार वर्षासँगै आएको हावाहुरीका कारण बारा पर्सा लगायतका जिल्लामा आएको हावाहुरी कारणा घर गोठ लगायतका अन्य भौतिक संरचनाहरु भत्किएर घाइते भएकाहरुको शीघ्र स्वास्थ लाभको कामना गर्दै घटनामा ज्यान गुमाएका नागिरकहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण र शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।
- नगरप्रमुखद्धारा उक्त घटनामा तत्काल राहत पुर्याउनको लागि सबै जनप्रतिनिधिहरुको तर्फबाट एक दिनको वैठक भत्ता र सम्पूर्ण कर्मचारीहरुको तर्फबाट एक दिनको तलब गरी रु ४०००००।- (अक्षरुपी रुपैया चार लाख) राहत २ नं. प्रदेश सरकार मार्फत उपलब्ध गराउने घोषणलाई अनुमोदन गरियो ।

०७६-०९-१०